प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धनकुटा

Email:-akcdhankuta@gmail.com

प.सं.- ०७६/०७७
च.न.-

कार्यक्षेत्र :- धनकुटा र तेह्रथुम
प्रदेश नं. १

026-520226

सूचना!! सूचना!! सूचना!!

## प्रस्ताव आह्वावान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०९/१५

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७६/१०/०६

यस कृषि ज्ञान केन्द्रको आ.ब. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि सम्बन्धित कृषक समुह, कृषि सहकारी, व्यवसायीक फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७६ ले तोके बमोजिम सर्तहरू पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक धनकुटा र तेह्रथुम जिल्लाका आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र धनकुटाको फोन नं. ०२६-५२०२२६ तथा सम्पर्क केन्द्र तेह्रथुमको फोन नं ०२६-४६०१३० वा यस ज्ञान केन्द्र को Help desk का सम्पर्क व्यक्ति श्री मनोज कुमार यादव को मोबाईल नं ९८६२९१८२५१ तथा सम्पर्क कार्यालय तेह्रथुमका सम्पर्क व्यक्ति श्री नुवाहाङ राई को मोबाईल नं ९८६४२८७७७१ मा सम्पर्क राख्न वा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेभसाईड *www.molmac.p1.gov.np* बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरि जानकारी लिन सक्नुहुने छ।एउटै प्रकृतिका कार्यक्रमका लागि भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा सो अन्तर्गतका निकायहरु बाट अनुदान प्राप्त गरेका व्यवसायी वा संस्थाले ३ वर्ष सम्म अनुदान प्राप्त गर्ने छैनन् ।

- ✓ "सुधारिएको अलैंची भट्टी निर्माण सहयोग कार्यक्रम" सम्वन्धि मिति २०७६/०५/१२ गतेमा यस कार्यालय बाट प्रकाशित सूचना अनुसार पहिला दर्ता भएका निवेदनहरुले कार्यविधिको नयाँ प्रावधान अनुसार थप कागजातहरु पेश गर्न सक्नुहुने छ ।
- ✓ साथैं अनुदान संग सम्वन्धित तोकिएको ढाँचा अनुसारको प्रस्तावनाहरु यस कार्यालयबाट उपलब्ध गराईने छ ।

### संचालन गरिने कार्यक्रमहरू

| क्र.स. | कार्यक्रमको नाम | परिमाण/संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू |
|---|---|---|---|---|
| १ | बीउ विजन आत्मनिर्भर कार्यक्रम पहिलो वर्ष | १ | बढीमा ७५% सम्म वा रु. १ लाख अनुदान । | कृषक समूह /कृषि सहकारी/ निजि फर्म |
| २ | बीउ विजन आत्मनिर्भर कार्यक्रम दोस्रो वर्ष | २ | बढीमा ७५% सम्म वा रु.३ लाख अनुदान । | गत आ.ब. मा बीउ विजन आत्मनिर्भर कार्यक्रममा सहभागि कृषक समुह/सहकारी लाई निरन्तरता |
| ३ | चैते धान विशेष सहयोग कार्यक्रम | १०० हे. | बीउ खरिदमा ५०% , कृषि औजार खरिदमा १००% । | कृषि सहकारी संस्था/कृषि समूह/ कृषक/ निजी उद्यमी/ उपभोक्ता संस्था वा समिति |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धनकुटा

Email:-akcdhankuta@gmail.com
कार्यक्षेत्र :- धनकुटा र तेह्रथुम
026-520226
प्रदेश नं. १

प.सं:- ०७६/०७७
च.नं:-

| | | | | |
|---|---|---|---|---|
| ४ | सघन वाली विकास आयोजना (धान, मकै, गहुँ) पहिलो बर्ष (अन्य) | २ | ५० देखी ८५% सम्म वा रु. १५ लाख सम्म अनुदान । | कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी फर्म, कृषि कार्यमा संलग्न जल उपभोक्ता समिति, निजि सेवा प्रदायक, कृषि उपज बजार व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरू |
| ५ | सघन वाली विकास आयोजना (धान, मकै, गहुँ) दोश्रो बर्ष (अन्य) | २ | ५० देखी ८५% सम्म अनुदान वा रु. १० लाख अनुदान । | गत आ.व. मा सघन वाली विकास कार्यक्रममा सहभागि कृषक समुह/सहकारी लाई निरन्तरता |
| ६ | मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम | ४०० हे. | बढीमा ७५% सम्म अनुदान र प्रति क्लष्टर ५० हेक्टरको हुनु पर्नेछ । | कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी फर्म, कृषि कार्यमा संलग्न जल उपभोक्ता समिति, निजि सेवा प्रदायक, कृषि उपज बजार व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरूको |
| ७ | रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, जौ आदी) अन्य | ३ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान | कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी फार्म, कृषि कार्यमा संलग्न जल उपभोक्ता समिति, निजि सेवा प्रदायक, कृषि उपज बजार व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरू |
| ८ | सुधारिएको अलैंची भट्टी निर्माण कार्यक्रम | २० | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र व्यवसायिक कृषकहरु |
| ९ | किवी खेती प्रवर्द्धन कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा रु. ५ लाख अनुदान । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र उद्यमीहरु |
| १० | कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम | ४ | बढी ८५% सम्म वा रु. ६ लाख सम्म अनुदान । | स्थानीय तह, उद्योग वाणिज्य संघ, सहकारी, संघ संस्थाहरु/ कृषक समुह/कृषि उपज बजार संचालक समिति |
| ११ | आलु भण्डारणको लागि रष्टिक स्टोर निर्माण आयोजना | २ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान । | कृषि सहकारी र कृषक समूह |
| १२ | खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम | २ | बढीमा ७५% सम्म अनुदान वा ३ लाख ५० हजार अनुदान । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र उद्यमीहरु |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धनकुटा

Email:-akcdhankuta@gmail.com

प.सं:- ०७६/०७७

कार्यक्षेत्र :- धनकुटा र तेह्रथुम

026-520226

च.नं:-

प्रदेश नं. १

| | | | | |
|---|---|---|---|---|
| १३ | पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम | ६ | कार्यविधी अनुसार । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र उद्यमीहरु |
| १४ | अदुवा मिसन कार्यक्रम | ३ | कार्यविधी अनुसार । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र उद्यमीहरु |
| १५ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | ३ | बढीमा ७५% सम्म वा रु. २ लाख अनुदान । | महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरु |
| १६ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | १० | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | अठार देखि पचास वर्ष उमेर ननाघेका, विदेश बाट फर्केका, तथा विदेश जान लागेका स्थानिय बेरोजगार युवाहरु |
| १७ | नमुना कृषि फार्म स्थापना सहयोग | ३ | बढीमा ७५% सम्म वा रु ७ लाख अनुदान । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र उद्यमीहरु |
| १८ | राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा रु. ३ लाख अनुदान । | कृषि सहकारी/कृषक समुह/कृषि फर्म र उद्यमीहरु |

प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:

१. समुह/सहकारी /कृषि फर्महरुको दर्ता प्रमण-पत्रको प्रतिलिपी ।
२. संस्था /समुह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णय प्रतिलिपी ।
३. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
४. नेपाली नगरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
५. सहकारी संस्थाको हकमा गत आ.व.को लेखापरिक्षणको प्रमाणित प्रतिलिपी ।
६. कृषि फर्म र सहकरीहरुको गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
७. जग्गा धनीपुर्जा प्रमाण-पत्रको प्रतिलिपी /जग्गा भाडामा लिएको भए सो को प्रमाण साथै फलफूलको हकमा न्यूनतम दश वर्षे सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी
८. स्थानिय तह कृषि शाखाको सिफारिश ।
९. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नु पर्ने छ।
१०. कार्यविधिमा उल्लेख भए अनुसारका थप कागजातहरु।

...मित प्रमुख
...कृषि ज्ञान केन्द्र, ध...

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, संखुवासभा
प्रदेश नं १ नेपाल

☎ ०२९-५६०४८७,५६०१३०
मोबाईल नं. ९८५२०५९४८७
ईमेल: akcsankhuwasabha@gmail.com

## कृषि ज्ञान केन्द्र, सखुंवासभाको कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित सूचना मिति: २०७६/०९/१६)

कृषि ज्ञान केन्द्र,संखुवासभाको चालु आ.व.२०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गर्नुपर्ने कृषि व्यवसाय प्रवर्द्धन अनुदानका कार्यक्रमहरु, कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि संखुवासभा जिल्ला भित्रका ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमीहरु कृषि विकाससंग सम्वन्धित समितिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (अन्तिम मिति:२०७६/१०/०१ गते) भित्र सम्वन्धित कार्यविधिको ढाँचामा र निर्दिष्ट फारम बमोजिम कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र, सखुवासभामा आवेदन दर्ता गर्न हुन आह्वान गरिन्छ। रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, संखुवासभाको हेल्प डेस्कको फोन नं.०२९-५६०१३० र मो.नं.९८४३०६०७३१ मा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेवसाईट www.molmac.p1.gov.np तथा कृषि विकास निर्देशनालयको वेवसाईट www.doad.p1.gov.np वाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ डाउनलोड गरी थप जानकारी लिन सकिने छ।

साथै अलैची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग सम्वन्धि मिति:२०७६/०५/२० मा प्रकाशित सूचना अनुसार पहिले नै दर्ता भएका आवेदकहरुले कार्यविधिको नयाँ प्रावधान अनुसार थप आवश्यक कागजातहरु पेश गर्नहुन समेत जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रमको नाम | परिमाण/संख्या | प्रति ईकाई अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | ३०० हेक्टर | बढीमा ७५% सम्म अनुदान प्रति क्लष्टर ५० हेक्टरको हुनुपर्नेछ। प्रति हेक्टर बढीमा रु.१०,६६६/- सम्म | कृषक समुह/कृषि सहकारी |
| २. | वीउ विजन आत्मनिर्भर कार्यक्रम (दोश्रो वर्ष) | २ | बढीमा ७५% सम्म वा रु.९ लाख अनुदान | गत आ.व.मा वीउ विजन आत्मनिर्भर कार्यक्रममा सहभागी कृषक समुह/सहकारीहरुलाई निरन्तरता |
| ३. | रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा रु.१ लाख अनुदान | कृषक समुह/कृषि सहकारी/सामुदायिक बीउ बैंकहरु |
| ४ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु २ लाख अनुदान | महिला दलित विपन्न तथा पिछडिएका समुदायका कृषकहरु |
| ५. | कागती खेती मिसन कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु २ लाख ५० हजार अनुदान | कृषक समुह/कृषि सहकारी संस्था /कृषि फर्म तथा उद्यमीहरु |
| ६. | कीवि खेती प्रवर्द्धन कार्यक्रम | १ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान | कृषक समुह/कृषि सहकारी संस्था /कृषि फर्म तथा उद्यमीहरु |
| ७. | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग | ४ | बढीमा ७५% सम्म वा रु ३ लाख अनुदान | कृषक समुह/कृषि सहकारी संस्था /कृषि फर्म तथा उद्यमीहरु |
| ८. | मध्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ३ | बढीमा ७५% सम्म,वा रु ३ लाख अनुदान | कृषक समुह/कृषि सहकारी संस्था /कृषि फर्म /संस्थाहरु |
| ९. | अलैंची निजी नर्सरी स्थापना | २ | बढीमा ७५% सम्म वा रु ८५ हजार अनुदान | कृषक/कृषक समुह/कृषि सहकारी संस्था /नीजि नर्सरी |
| १०. | पुरानो रोग ग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम | ५ | बढीमा ७५% सम्म वा रु ९५ हजार अनुदान | कृषक/कृषक समुह/कृषि सहकारी संस्था /नीजि नर्सरी |
| ११. | नमुना अलैंची बगान स्थापना | ५ | बढीमा ७५% सम्म वा रु ३७ हजार अनुदान | कृषक/कृषक समुह/कृषि सहकारी संस्था / नीजि नर्सरी |
| १२. | अलैंची नयां क्षेत्र विस्तार कार्यक्रम | १० | बढीमा ७५% सम्म वा रु ९५ हजार अनुदान | कृषक/कृषक समुह/कृषि सहकारी संस्था / नीजि नर्सरी |
| १३. | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफुल खेती प्रवर्द्धन कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु ३ लाख ५० हजार अनुदान | स्थानिय तह,सरकारी वा सार्वजनिक निकाय/स्थानिय मठ,मन्दिर,स्कुल,कलेज,गुठी तथा सामुदायिक संघ संस्थाको साझेदार/ कृषक समुह/कृषि सहकारी संस्था तथा उद्यमीहरु |
| १४. | युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम | १० | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान | १८ देखि ५० वर्ष उमेर ननाघेका, विदेशबाट फर्केका तथा विदेश जान लागेका स्थानीय बेरोजगार युवाहरु |
| १५. | गड्यौंली मल उत्पादन तथा प्राङ्गारिक मल सुधार कार्यक्रम | २० | बढीमा ७५% सम्म वा रु ३० हजार अनुदान (प्रति क्लष्टर २० वटा हुनुपर्नेछ) | कृषक समुह/कृषि सहकारी संस्था |
| १६. | मकार्ग सुधार कार्यक्रम | २०० | बढीमा ७५% सम्म वा रु १५ हजार अनुदान (प्रति क्लष्टर २० वटा हुनुपर्नेछ) | कृषक समुह/कृषि सहकारी संस्था |
| १७. | कृषि बजार तथा संकलन केन्द्र निर्माण | १ | बढीमा ८५% सम्म वा रु २० लाख अनुदान | स्थानीय तह/कृषक समुह/उद्योग वाणिज्य संघ/कृषि सहकारी/कृषि उपज बजार संचालक समिति |
| १८. | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | १० | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान | कृषक समुह/कृषि सहकारी संस्था /कृषि फर्म तथा उद्यमीहरु |
| १९. | नमुना कृषि फार्म स्थापना सहयोग | ५ | बढीमा ७५% सम्म वा रु ७ लाख अनुदान | कृषक समुह/कृषि सहकारी संस्था /कृषि फर्म तथा उद्यमीहरु |
| २०. | आलु भण्डारणका लागि रष्टिक स्टोर भण्डार निर्माण | २ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान | कृषक समुह/कृषि सहकारी संस्था |

*नोट:* आवेदनको साथमा सम्वन्धित कार्यविधिको अनुसूचीमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरेको हुनुपर्नेछ। निर्दिष्ट आवेदन फारामको लागि कृषि ज्ञान केन्द्र संखुवासभामा सम्पर्क गर्नहुन अनुरोध छ।

गोविन्द ... अधिकारी
प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ओखलढुंगा

प्रदेश नं. १

कार्यक्षेत्र:- ओखलढुंगा

पत्र संख्या:- ०७६/७७
च.नं.:- १६३

सूचना ! सूचना !! सूचना !!!

## कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति:- २०७६।०९।१३ गते)

यस कृषि ज्ञान केन्द्र, ओखलढुंगाको चालु आ.व.०७६/७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नु पर्ने कृषि व्यवसाय प्रवर्द्धन अनुदानका कार्यक्रमहरु "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यन्वयन गर्नका लागि ओखलढुंगा जिल्ला भित्रका इच्छुक कृषि उधमी/कृषक समूह/कृषि सहकारी/कृषि विकाससँग सम्वन्धित समितिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (अन्तिम मिति २०७६।०९।२७ गते) भित्र सम्वन्धित कार्यविधिको ढाँचामा र निर्दिष्ट फाराम वमोजिम कार्यालय समयभित्र कृषि ज्ञान केन्द्र, ओखलढुंगामा आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ ।साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गराईने छैन ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र ओखलढुंगाको टोल फ्रि न १६६०३७५२००० वा फोन नं. ०३७-५२०१३० र वागवानी विकास (अधिकृत सातौं) श्री मुना वस्नेत मो.न. ९८४२७८०३०५ सम्पर्क राखु हुन वा मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np वा कृषि विकास निर्देशनालयको वेभसाईट doad.p1.gov.np बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

"बीउ आलु भण्डारणको लागि रष्टिक स्टोर निर्माण" सम्बन्धि सूचना मिति २०७६।०५।०२ र "अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग" सम्बन्धि सूचना २०७६।०५।२३ गतेमा यस कार्यालयबाट प्रकाशित सूचना अनुसार पहिला दर्ता भएका निवेदनहरुले कार्यविधिको नयाँ प्रावधान अनुसार थप आवश्यक कागजातहरु पेश गर्न सक्नु हुनेछ ।

कार्यक्रम विवरण:

| सि.नं. | कार्यक्रमको नाम | परिमाण/ संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४०० हे. | बढीमा ७५% सम्म अनुदान र प्रति कलष्टर ५० हेक्टरको हुनु पर्नेछ | कृषक समूह/कृषि सहकारीहरु |
| २ | कागती खेती मिसन कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा रु २ लाख ५० हजार अनुदान। | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी |
| ३ | किवी खेती प्रवर्धन कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान । | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी |
| ४ | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग | २ | बढीमा ७५% सम्म वा रु ३ लाख अनुदान | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी |
| ५ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढिकरण कार्यक्रम | ९ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान। | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म/ कृषि उधमी/कृषि क. |
| ६ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ६ | बढीमा ७५% सम्म वा रु ३ लाख अनुदान । | कृषक समूह/कृषि सहकारीहरु/कृषि फार्म तथा संस्थाहरु |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ओखलढुंगा

प्रदेश नं. १

कार्यक्षेत्र:- ओखलढुंगा

पत्र संख्या:- ०७६/७७
च.नं.:-

| | | | | |
|---|---|---|---|---|
| ७ | अदुवा मिसन कार्यक्रम | २ | बढीमा ७५% सम्म वा रु ६ लाख अनुदान। | कृषक समूह/कृषि सहकारी/नीजि उधमीहरु |
| ८ | बीउबिजन आत्मनिर्भर कार्यक्रम (दोश्रो वर्ष) | ३ | बढीमा ७५% सम्म वा रु ३ लाख ५० हजार अनुदान | गत आ.व.मा बीउबिजन आत्मनिर्भर कार्यक्रममा सहभागि कृषक समूह/सहकारीहरुलाई निरन्तरता |
| ९ | सघन बाली विकास आयोजना (धान, मकै गहुँ)(दोश्रो वर्ष) | १ | बढीमा ७५% सम्म वा रु १६ लाख अनुदान। | गत आ.व.मा सघन बाली विकास आयोजनामा सहभागि कृषक समूह/सहकारीहरुलाई निरन्तरता |
| १० | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदी) | ४ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंकहरु |
| ११ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | १० | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | १८ देखि ५० वर्ष ननाघेका विदेशबाट फर्केका वा जान लागेका वा स्थानीय बेरोजगार युवाहरु |
| १२ | नमूना फार्म स्थापना कार्यक्रम Model Farm | ६ | बढीमा ७५% सम्म वा रु ७ लाख अनुदान । | कृषक समूह/कृषि सहकारी/कृषि फार्म/कृषि उधमीहरु |
| १३ | आलु भण्डारणको लागी रस्टिक स्टोर भण्डार निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | २ | बढीमा ७५% सम्म वा रु ५ लाख अनुदान। | कृषक समूह/कृषि सहकारी |
| १४ | कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | १ | बढीमा ८५% सम्म वा रु २० लाख अनुदान । | स्थानीय तह/कृषक समूह/ उधोग वाणिज्य संघ/कृषि सहकारी संस्था/कृषि उपज संचालक समिति |
| १५ | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | ५ | बढीमा ७५% सम्म वा रु १ लाख अनुदान । | कृषक/कृषक समूह/कृषि सहकारी तथा उधमीहरु |

नोट:- आवेदनको साथमा सम्बन्धित निर्देशिका/कार्यविधिको अनुसूचिमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरेको हुनु पर्नेछ । निर्दिष्ट आवेदन फारामको लागि कृषि ज्ञान केन्द्र, ओखलढुंगामा सम्पर्क राख्न हुन अनुरोध छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, उदयपुर
प्रदेश नं.१, नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

प.सं. २०७६/७७
च.नं.

प्रथम पटक प्रकासित मितिः २०७६/०९/१३

## कार्यक्रम संचालनका लागी प्रस्ताव पेश गर्ने बारे सुचना!!!

यस केन्द्रको चालु आ .ब. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने तपसिलमा उल्लेख भए अनुसारका कार्यक्रहरु संचालन गर्न इच्छुक कृषि सहकारी संस्था, कृषक समुह तथा निजी कृषि उधमीहरुले तपसिलमा उल्लेखित आबश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा २०७६/०९/२७ (१५ दिन भित्र) सम्म तोकिए अनुसारको ढाँचामा प्रस्ताव पेस गर्न सम्पुर्ण कृषक महानुभावहरुमा जानकारीको लागी यो सुचना प्रकासन गरिएको छ । म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकासित गरिएको र उक्त कार्यक्रमको लागि **कृषि व्यवसाय प्रवद्धन कार्यबिधि २०७६** मा तोकिएका शर्तहरु पालना गर्ने गरी निम्न बमोजिम अनुदान उपलब्ध गराइने व्यहोरा जानकारी गराईन्छ । यो कार्यक्रमको लागी मिति २०७६/०५/२३ मा प्रकासित सूचना अनुसार प्राप्त भएका प्रस्तावहरुमा थप आबश्यक कागजातहरु समावेस गर्न हुन समेत निवेदकहरुलाई अनुरोध गरिन्छ ।

तपसिल

| सि.नं. | कृयाकलाप | इकाई | परिमाण | कृषकलाई दिईने प्रति कार्य अनुदान रकम बढीमा वा प्रतिशतमा | कार्यक्रम संचालन गर्नका लागी आबश्यक पर्ने आधारहरु |
|---|---|---|---|---|---|
| १. | मकै उत्पादकत्व प्रवद्धन कार्यक्रम | हेक्टर | ४०० | मुल्यमा ७५% | - एक पालिकामा कम्तिमा ५० हेक्टरको क्लष्टर हुनु पर्नेछ ।<br>- कार्यक्रम ३ वर्षसम्म संचालन गर्नुपर्ने छ ।<br>- मकैवालीमा प्रयोग हुने अन्य उपकरणको ७५ % अनुदान । |
| २. | मध्यपहाडी प्रांगारिक कृषि प्रवद्धन अभियान | पटक | ३ | ३ लाख, ७५% | - तोकिएको साईजमा ईनसेक्ट नेट जालि घर निर्माण गर्नुपर्नेछ ।<br>- पहाडी क्षेत्रका पालिकाहरुलाई प्रांगारिक खेती गर्न प्राथमिकता दिईनेछ । |
| ३. | कागती खेती प्रवद्धन कार्यक्रम | संख्या | ४ | २.५ लाख, ५०-७५% | - पहाडमा १० रोपनी र तराईमा १ बिघा क्षेत्रफलमा लगाउनु पर्नेछ। |

प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,उदयपुर

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

प.सं. २०७६/७७
च.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | - विरुवामा ५० % र अन्य कृयाकलापमा ७५% अनुदान हुनेछ । |
| ४. | व्यवसायिक फलफुल बगैचा स्थापना सहयोग | सख्या | १० | ३ लाख, ५०-७५% | - फलफूलको जात अनुसार पहाडमा ७ रोपनि र तराईमा १५ कठ्ठाको क्लष्टर हुनुपर्नेछ ।<br>- विरुवामा ५० % र अन्य कृयाकलापमा ७५% अनुदान हुनेछ । |
| ५. | मुख्य राजमार्ग लक्षित तरकारी खेती कार्यक्रम | संख्या | ३ | ५,लाख, ७५% | - राजमार्ग आसपास बसोवास भएको हुनुपर्नेछ ।<br>- कम्तिमा १ विघामा तरकारी लगाउनु पर्नेछ । |
| ६. | खेर गएका जग्गाहरुमा फलफुल खेती प्रवर्द्दन कार्यक्रम | संख्या | .२ | ३.५ लाख, ७५% | - मठ मन्दीर, स्कुल कलेज, गुठी सामुदायिक बन, समुह सहकारी सहभागी हुनेछन ।<br>- अधिकार प्राप्त अधिकारीको कम्तिमा दश वर्ष करारनामा।<br>- पहाडमा उपकरण समेतको लागि दश रोपनी तराईमा दुई विगाहामा हुनुपर्नेछ। |
| ७. | विउ विजन आत्म निर्भर कार्यक्रम | संख्या | २ | १ लाख ७५% | - व्यवसाय केन्द्र संचालन गर्न सक्ने।<br>- नेपाल सरकारले सिफारिस गरेका जातहरु लगाउनु पर्नेछ।<br>- पहाडमा ८ हेक्टर र तराईमा १५ हेक्टर हुनुपर्नेछ।<br>- तीन वर्ष सम्म कार्यक्रम संचालन गर्नुपर्नेछ।<br>- वीउ उत्पादन कार्यमा जानकार भएको रेकर्ड पेश गर्नु पर्नेछ । |
| ८. | चैते धान विशेष सहयोग कार्यक्रम | हेक्टर | १०० | प्रति क्लष्टर १,२०,००० | - पहाडमा ७ हेक्टर र तराईमा २० हेक्टरको क्लस्टर हुनुपर्नेछ।<br>- एक भन्दा बढि पालिकाका कृषकहरु सहभागी हुन पाउनेछन।<br>- विउमा ५०% अनुदान, र अन्य सामाग्रीमा ७५ % अनुदान। |
| ९. | सघनवाली विकास | संख्या | ३ | ८ लाख, ५०-७५% | - प्रविधि उत्पादन प्रदर्शन संचालन गर्नु पर्नेछ। |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,उदयपुर
प्रदेश नं.१,नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

प.सं. २०७६/७७
च.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | आयोजना | | | | - कष्टम हायरिङ्ग सेन्टरको स्थापना गर्नुपर्नेछ।<br>- जग्गा भाडामा लिएको भए करारनामा।<br>- संचालक समिति मार्फत कार्यक्रम संचालन हुनेछ।<br>- तराईमा ५० हेक्टर पहाडमा ३० हेक्टरमा संचालन गर्नुपर्नेछ। |
| १०. | हाईब्रिड मकै विस्तार आयोजना | हेक्टर | ५० | प्रति हेक्टर १५ हजार | - नगद प्रोत्साहन प्रति हेक्टर १५ हजार उपलब्ध हुनेछ।<br>- बाझों जग्गामा खेति गरेकोलाई पहिलो प्राथमिकता दिइनेछ।<br>- मकै लाइनमा रोप्नु पर्नेछ।<br>- मकै विउ खरिद गरेको आधिकारिक विल सुरक्षित राखेको हुनु पर्नेछ । |
| ११. | बगर खेती विकास तथा प्रवर्द्दन कार्यक्रम | संख्या | १० | १ लाख, ७५% | - एउटा क्लष्टर ५ विघाको हुनेछ ।<br>- कार्यक्रम शुरु भए पश्चात मात्र भुक्तानी दिईनेछ ।<br>- भाडामा लिएको भए करारनामा उपलब्ध गराउनु पर्नेछ । |
| १२. | गडचौली मल उत्पादन तथा प्रांगारिक मल सुधार कार्यक्रम | संख्या | ३० | ३० हजार, ७५% | - कम्तिमा १० बर्षसम्म कार्यक्रम संचालन गर्नुपर्नेछ ।<br>- मुत्र संकलन ट्याकीं निर्माण साथै भर्मि बेड समेत निर्माण गर्नुपर्नेछ । |
| १३. | महिला दलित विपन्न पिछडिएको क्षेत्र समुदाय लक्षित कार्यक्रम | संख्या | ६ | १ लाख ७५% | - उत्पादनमा आधारित व्यवसाय उन्मुख कार्यक्रम संचालन गर्नु पर्नेछ ।<br>- कार्यक्रममा दोहोरोपन भएमा अनुदान दिईने छैन । |
| १४. | युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम | संख्या | १० | १ लाख, ७५% | - १८ देखि ५० वर्ष उमेर भएको ।<br>- विदेशबाट फर्केका वा जान चाहने व्यक्ति सहभागी हुन पाँउनेछन ।<br>- तरकारीमा १० कठ्ठा, मौरीपालन २० घार, च्याउ |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,उदयपुर
प्रदेश नं.१,नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

प.सं. २०७६/७७
च.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ३ वटा टहरामा लगाउनु पर्नेछ । |
| १५. | नमूना कृषि फर्म स्थापना(स्थानिय तहको सहकार्य | संख्या | ७ | ७ लाख, ७५% | -तरकारी/फलफुल/व्यवसायिकबाली/मौरी/च्याउ/पुष्प खेती मध्ये कुनै एक ।<br>- कार्यविधिमा तोकिएको परिमाणमा कार्य गरेको हुनु पर्ने ।<br>- एक पालिका एक नमुना कृषि फर्मको स्थापना ।<br>- पालिकाले लगानी गर्ने रकमको सुनिश्चितता हुनुपर्ने । |
| १६. | कृषि बजार संकलन केन्द्र निर्माण (स्थानिय तहको साझेदारीमा) | संख्या | १ | २० लाख, ७५% | - भाडामा लिएको भए २० वर्षको करारनामा पेश गर्नु पर्नेछ ।<br>- पालिकाले लगानी गर्ने रकमको सुनिश्चितता हुनुपर्ने ।<br>- बजार समितिको नाममा जग्गा भएको हुनु पर्नेछ ।<br>- लागत सहितको प्रस्ताव पेश गर्नु पर्नेछ । |

आवश्यक कागजातहरु:

१. निजि कृषि उध्यमि, संस्था, समुह तथा सहकारी दर्ता प्रमाण पत्र (नविकरण भएको) र बैठकको निर्णय प्रतिलिपि ।
२. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
३. समुह, सहकारीको प्रस्ताव सहितको रु १० को टिकट सहितको निवेदन ।
४. सम्वन्धित वडा कार्यालय र कृषि बिकास शाखाको सिफारिस पत्र ।
५. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।
६. सहकारी तथा निजि कृषि उध्यमिको हकमा गत आ.ब. को लेखा परिक्षण प्रतिवेदन विबरण ।
७. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
८. जग्गाधनि पुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल ।
९. सम्बन्धित विषयको प्राविधिक ज्ञान भए सो को रेकर्ड ।
१०. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकाएवाट नलिएको स्वःघोषणा पत्र ।
११. भाडामा लिएको जग्गा भएमा करारनामा पत्रको प्रतिलिपि ।
१२. पालिकाले लगानी गर्ने रकमको सुनिश्चितता सम्बन्धि पत्र ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२०१३० र नरनाथ रेग्मी मो.नं. ९८४४६८११२५मा सम्पर्क गर्न हुन ।

(नरनाथ रेग्मी)
प्रि. प्रमुख

पा.फोन नं. ०२४-५२०१३०/६८०ता॰
०२४४६०१३०
इमेल: akcpachthar@gmall.com

प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, पाँचथर
कार्यक्षेत्रः पाँचथर र ताप्लेजुङ्ग

पत्र संख्याः०७६/०७७
च. नं.

मितिः- २०७६/०९/०८

## सूचना! सूचना!! सूचना!!!

**विषयः कृषि ज्ञान केन्द्र पाँचथरको आ.व. ०७६/७७ मा सँचालन हुने विभिन्न कार्यक्रमहरुकोप्रस्ताव आह्वान सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मितिः २०७६/०९/०८

कृषि ज्ञान केन्द्र पाँचथरको चालु आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु रहेको हुँदा ईच्छुक कृषक/समुह/सहकारी/फर्म/उद्दयमीहरुबाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित कार्यविधि अनुसारको ढाचाँमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र पाँचथरको फोन नं. ०२४-५२०१३०/५८० वा मोबाईल नम्बर ९८५२६८२४६८ साथै सम्पर्क केन्द्र ताप्लेजुङ्गको फोन नं. ०२४-४६०१३० मा सम्पर्क गरि थप जानकारी लिन सक्नुहुनेछ।

**सँचालन हुने कार्यक्रमहरु**

| क.स. | कार्यक्रमको नाम | परिमाण | अनुदान रकम (प्रतिशत) |
|---|---|---|---|
| १. | किवी खेती प्रवद्दन कार्यक्रम | ९ | न्युनतम ५०% देखि अधिकतम ८५% सम्म |
| २. | कफि खेती विस्तार कार्यक्रम | १० हे. | न्युनतम ५०% देखि अधिकतम ८५% सम्म |
| ३. | सुन्तलाजात बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | १५ | न्युनतम ७५% देखि शत प्रतिशत |
| ४. | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम | १० | न्युनतम ५०% देखि अधिकतम ७५% सम्म |
| ५. | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफुल खेती प्रवद्दन कार्यक्रम (पहिलो वर्ष) | २ | न्युनतम ७५% देखि ढुवानीमा शत प्रतिशत |
| ६. | मकै उत्पादकत्व प्रवद्दन कार्यक्रम | ४०० हे. | अधिकतम ७५% सम्म |
| ७. | रैथाने बाली उत्पादन प्रवद्दन कार्यक्रम (कोदो, फापर, जौ आदि) | ५ | न्युनतम ७५% देखि शत प्रतिशत सम्म |
| ८. | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ४ | न्युनतम ५०% देखि शत प्रतिशत सम्म |

समिर विष्ट
निमित्त प्रमुख

# प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, भोजपुर

१ नं. प्रदेश

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/९/१६

प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७६/१०/०३

यस कृषि ज्ञान केन्द्रको आ.व. ०७६/७७ को वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" अनुसारको शर्तहरु पालना हुने गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि यस जिल्ला अन्तर्गतका इच्छुक कृषक/फर्म/सहकारी/उद्यमी/व्यवसायिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यविधिको ढाँचामा प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैको जानकारीको लागि प्रस्ताव आह्वान गरिन्छ। रित नपुगेको र म्याद नाघि प्राप्त हुन आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन। यी कार्यक्रमहरुको लागि यस अघि सूचना प्रकाशन भै दर्ता भएको प्रस्तावकहरुले नपुग थप आवश्यक कागजातहरु पेश गर्नु पर्ने छ।

| क्र.स. | कार्यक्रमको नाम | संख्या | साझेदारी अनुदान | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धित साझेदारहरु |
|---|---|---|---|---|
| १ | कागती खेती मिसन कार्यक्रम | ८ | न्यूनतम ५० % देखि अधिकतम ८५% सम्म | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीहरु |
| २ | किवी खेती प्रवर्द्धन कार्यक्रम | २ | न्यूनतम ५० % देखि अधिकतम ८५% सम्म | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीहरु |
| ३ | व्यवसायिक फलफुल बगैंचा स्थापना | ५ | न्यूनतम ५०% देखि अधिकतम ७५ % सम्म | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीहरु |
| ४ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवं सुदृढीकरण | २० | न्यूनतम ७५% देखि अधिकतम शत प्रतिशत | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीहरु, कम्पनी वा संस्थाहरु |
| ५ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ४ | न्यूनतम ५०% देखि शत प्रतिशत | कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा संस्थाहरु |
| ६ | अलैंची निजी नर्सरी स्थापना पहिलो वर्ष | २ | अधिकतम ७५% सम्म | कृषक, कृषक समूह, कृषि सहकारी, निजी नर्सरी |
| ७ | पुरानो रोग ग्रस्त अलैंची बगानको पुनस्थापन कार्यक्रम | १५ | "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" मा उल्लेख भए बमोजिम | कृषक, कृषक समूह, कृषि सहकारी, निजी नर्सरी |
| ८ | नमुना अलैंची बगानको स्थापना पहिलो वर्ष | २० | "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" मा उल्लेख भए बमोजिम | कृषक, कृषक समूह, कृषि सहकारी, निजी नर्सरी |
| ९ | अलैंची नया क्षेत्र विस्तार कार्यक्रम | १० हे. | "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" मा उल्लेख भए बमोजिम | कृषक, कृषक समूह, कृषि सहकारी, निजी नर्सरी |
| १० | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफुल खेती प्रवर्द्धन कार्यक्रम पहिलो वर्ष | ४ | न्यूनतम ७५% देखि दुवानीमा शत प्रतिशत सम्म | स्थानिय तह/सरकारी वा सार्वजनिक निकय/स्थानिय मठ, मन्दिर, स्कूल, कलेज, गुठि तथा सामुदायिक संघ, संस्थाको साझेदारी/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरु |
| ११ | अदुवा मिसन कार्यक्रम | ३ | "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" मा उल्लेख भए बमोजिम | कृषक समूह, कृषि सहकारी, निजी उद्यमीहरु |
| १२ | बीउ विजन आत्मनिर्भर कार्यक्रम दोस्रो वर्ष | ४ | "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" मा उल्लेख भए बमोजिम | कृषक समूह/सहकारी/निजी कम्पनी/उद्यमीहरु |
| १३ | सघन बालि विकास आयोजना (धान, मकै, गहु) पहिलो वर्ष | १ | न्यूनतम ५०% देखि प्राविधिक सहयोगमा शत प्रतिशत | कृषक समूह, कृषि सहकारी, कृषक, निजी उद्यमी, फर्म, जल उपभोक्ता समिति, निजी सेवा प्रदायक, कृषि उपज बजार व्यवस्थापन समिति |
| १४ | सघन बालि विकास आयोजना (धान, मकै, गहु) दोस्रो वर्ष | १ | न्यूनतम ५०% देखि प्राविधिक सहयोगमा शत प्रतिशत | कृषक समूह, कृषि सहकारी, कृषक, निजी उद्यमी, फर्म, जल उपभोक्ता समिति, निजी सेवा प्रदायक, कृषि उपज बजार व्यवस्थापन समिति |
| १५ | महिला दलित विपन्न तथा पिछडिएका समुदाय लक्षित कार्यक्रम | ३ | न्यूनतम ७५% देखि प्रविधि प्रसारमा शत प्रतिशत सम्म | महिला दलित विपन्न तथा पिछडिएको समुदायका कृषकहरु |
| १६ | युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम | १० | अधितम ७५% सम्म | १८ वर्ष देखि ५० वर्ष ननाघेका विदेशबाट फर्केका वा विदेश जान लागेका बेरोजगार स्थानिय युवाहरु (महिला तथा पुरुष) |
| १७ | आलु भण्डारणको लागि रस्टिक स्टोर भण्डार निर्माण | ३ | अधिकतम ७५% सम्म | कृषक समूह, कृषि सहकारी संस्था |
| १८ | अलैंची सुकाउने सुधारिएको आधुनिक भट्टी निर्माण सहयोग | २० | अधिकतम ७५% सम्म | कृषक, कृषक समूह, कृषि सहकारी, निजी नर्सरी |
| १९ | रैथाने बालि उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, जौ) | ४ | अधिकतम ७५% सम्म ५० हजार प्रति | कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बिउ बैंक व्यवस्थापन समिति |
| २० | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | ४०० हे. | अधिकतम ७५% सम्म ३ लाख ७५ हजार प्रति क्लस्टर | कृषक समूह तथा कृषि सहकारी |
| २१ | नमुना कृषि फर्म स्थापना सहयोग | ५ | "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" मा उल्लेख भए बमोजिम | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीहरु |

प्रस्तावकले संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

१. संस्था/समूह दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. संस्था/समूह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि।
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
५. सहकारी संस्थाको हकमा गत आ.ब. को लेखापरिक्षणको प्रमाणित प्रतिलिपि।
६. गत आ.ब. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
७. स्थानीय तह कृषि शाखाको सिफारिस, आदि।

नोट : थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०२९-४२०१३० र सूचना अधिकारी मो.नं. ९८५२०६५१३० मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ।

प्रस्तावको साथमा सम्बन्धित निर्देशिका/कार्यविधिको अनुसूचीमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरेको हुनु पर्नेछ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ का वेबसाईट www.molmac.p1.gov.np बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" डाउनलोड गरि वा कृषि ज्ञान केन्द्र भोजपुरको अध्ययन, परीक्षण तथा तथ्याङ्क शाखामा सम्पर्क राखि आवश्यक थप जानकारी लिन सक्नुहुने छ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, खोटाङ्ग

प्रदश न. १

## प्रस्तावना आह्वान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०९/१८)

यस कार्यालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नको लागि यस खोटाङ्ग जिल्ला भित्रका ईच्छुक कृषक समुह/सहकारी/ फर्म/उद्यमीहरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७६/१०/०३ गते) भित्र स्वीकृत कार्यविधि अनुसारको प्रस्ताव कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगेका र म्याद नाँघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र खोटाङ्गको फोन नं. ०३६-४२०१३० वा सम्पर्क व्यक्ति श्री हरि नारायण राई, मो. नं. ९८६२६१८०३७ मा सम्पर्क गरि लिन सक्नु हुनेछ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट www.molmac.p1.gov.np बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ डाउनलोड गर्न सकिनेछ ।

कार्यक्रमको विवरण

| क.सं. | आयोजना/ कियाकलापहरुको विवरण | ईकाई | परिमाण | स्वीकृत बजेट (रु. हजारमा) | साझेदारी रकम | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | मागमा आधारित कृषि कार्यक्रम | संख्या | ५ | २५० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| २ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | ३०० | ३२०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ३ | मध्यपहाडी प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान सपोर्ट | पटक | ३ | ९९ | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ४ | कागती खेती मिसन कार्यक्रम | संख्या | ८ | २००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ५ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | ८ | २४०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ६ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम | संख्या | ७ | ७०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ७ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ४ | १२०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ८ | अलैंची निजी नर्सरी स्थापना | संख्या | ३ | २५५ | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ९ | पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम | संख्या | १० | ९५० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |

कृषि विकास निर्देशनालय
विराटनगर, नेपाल
दर्ता नं.: १०८४
दर्ता मिति: ०७६।९।२९

| क्र.सं. | आयोजना/ कियाकलापहरुको विवरण | ईकाई | परिमाण | स्वीकृत बजेट (रु. हजारमा) | साझेदारी रकम | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १० | खेर गएका सार्वजानिक जग्गाहरुमा फलफुल खेती प्रवर्धन कार्यक्रम पहिलो बर्ष | संख्या | ३ | १०५० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ११ | बीउ बिजन आत्मनिर्भरका कार्यक्रम पहिलो बर्ष | संख्या | ३ | ३०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १२ | चैते धान विशेष सहयोग कार्यक्रम | हेक्टर | २०० | २४०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १३ | सघन बाली विकास आयोजना (धान, मकै गहुँ) पहिलो बर्ष | संख्या | १ | २००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १४ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदि) | संख्या | ४ | ४०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १५ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | १० | १००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १६ | प्राङ्गारीक कृषि प्रवर्द्धन अभियान कार्यक्रम | पटक | ३ | ९६०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १७ | नमुना कृषि फार्म स्थापना सहयोग | संख्या | ७ | ४९०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १८ | आलु भण्डारणको लागी रष्टिक स्टोर भण्डार निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | संख्या | ४ | २००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १९ | कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | संख्या | २ | २००० | कार्यविधि अनुसार, अधिकतम ८५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| २० | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | संख्या | १५ | १५०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |

प्रस्ताव साथ संलग्न हुनु पर्ने कागजातहरु

| | |
|---|---|
| १ | रु १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन । |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । |
| ३ | PAN वा VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी । |
| ४ | कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी । |
| ५ | कार्यक्रम सचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना। |
| ६ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजात (लालपुर्जा) को प्रतिलिपि । |
| ७ | लिजमा लिएको जग्गाको हकमा १० बर्षे करारनामा वा सम्झौता पत्र । कृषि बजार वा संकलन केन्द्रको हकमा २० बर्षको करारनामा वा सम्झौतापत्र। |
| ८ | प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था /फर्म/ व्यवसाय दर्ता /नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि । |
| ९ | समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि । |
| १० | सम्बन्धीत विषयमा तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी । |
| ११ | बैंक ग्यारेन्टीको पत्र /संस्थाको खातामा भएको रकमको स्टेटमेन्ट। |
| १२ | गत आ.व.को लेखा परिक्षण प्रतिवेदन । |
| १३ | लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र । |
| १४ | बिगत ३ बर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र । |
| १५ | स्थानिय तहको कृषि विकास शाखाको सिफारिस पत्र । |
| १६ | कार्यविधिमा उल्लेख भए अनुसारका थप आवश्यक कागजातहरु । |

नोटः नमूना आवेदन फारामको लागि कृषि ज्ञान केन्द्र, खोटाङमा सम्पर्क गर्न सक्नु हुने छ।

प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र सोलुखुम्बु

सल्लेरी, सोलुखुम्बु

प.सं. ०७६/७७
च.नं.

१ नं. प्रदेश, नेपाल
मितिः

## कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः२०७६/०९/१४**

कृषि ज्ञान केन्द्र, सोलुखुम्बुको चालु आ.व. ०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार संचालन गर्नु पर्ने कृषि व्यवसाय प्रवर्द्धन अनुदानका कार्यक्रमहरु **"कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६"** बमोजिमका शर्तहरु पालन गरी कार्यक्रम कार्यान्वयनका लागि सोलुखुम्बु जिल्ला भित्रका ईच्छुक कृषि उद्यमी/कृषक समुह/कृषि सहकारी संस्था/कृषि विकास सँग सम्बन्धित समितिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७६/०९/१४ गते देखि २०७६/०९/२८ गते) भित्र सम्बन्धित कार्यविधिको निर्दिष्ट ढाँचामा कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा प्रस्तावना दर्ता गराउनु हुन यो सूचना आव्हान गरिन्छ।साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन। थप जानकारीको लागि कार्यालयको फोन नं. ०३८-५२०१३० वा ९८५२८५११३० बा.सं.अ. बबि बस्नेत ९८६६८७०३६३ वा अधिकृत कुल बहादुर राई ९८६२८३०१५५ मा सम्पर्क राख्न सकिने छ। मन्त्रालयको वेवसाईट www.molmac.p1.gov.np बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधी डाउनलोड गर्न सकिने छ।

**कार्यक्रम विवरणः**

| सि. नं. | कार्यक्रमको नाम | परिमाण/ संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहर |
|---|---|---|---|---|
| १ | किवी खेती प्रवर्द्धन कार्यक्रम | ५ | बढीमा ७५% वा रु. ५ लाख सम्म अनुदान। | कृषक समुह/कृषि सहकारीहरु/कृषि फार्म/कृषि उद्यमीहरु |
| २ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | २ | बढीमा ७५% वा रु.३ लाख सम्म अनुदान। | कृषक समुह/कृषि सहकारी संस्था/व्यावसायिक कृषि फार्म तथा संस्थाहरु (पत्ताले देखि फाप्लु रोड करिडोर भित्रको) |
| ३ | महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | २ | बढीमा ७५% वा रु. २ लाख सम्म अनुदान। | महिला कृषक समुह/दलित कृषक समुह/विपन्न तथा पिछडिएको समुदायको कृषक समुहहरु तथा कृषि उद्यमीहरु। |
| ४ | यूवा लक्षित च्याउ खेती, माहुरी पालन, तरकारी उत्पादन कार्यक्रम | १० | बढीमा ७५% वा रु.१ लाख सम्म अनुदान। | १८ देखि ५० बर्ष ननाघेका बिदेशबाट फर्केका बेरोजगार यूवाहरु |
| ५ | नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम | ७ | बढीमा ७५% वा रु. ७ लाख सम्म अनुदान। | कृषक समुह/कृषि सहकारीहरु/कृषि फार्म/कृषि उद्यमीहरु |
| ६ | कृषि बजार तथा संकलन केन्द्र निर्माण(निजी,सहकारी, सरकारी साझेदारीमा) | २ | बढीमा ८५% वा रु. २० लाख सम्म अनुदान। | स्थानिय तह/कृषक समुह/ उद्योग वाणिज्य संघ/कृषि सहकारी संस्था |
| ७ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | ३०० हे. | बढीमा ७५% अनुदान ( क्लष्टर ५० हेक्टरको हुनु पर्नेछ) | कृषक समुह/कृषि सहकारीहरु/कृषि फार्म/कृषि उद्यमीहरु |
| ८ | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | २ | बढीमा ७५% वा रु. १ लाख सम्म अनुदान। | कृषक समुह/कृषि सहकारीहरु/कृषि फार्म/कृषि उद्यमीहरु |
| ९ | व्यवसायिक फलफूल बगैचा स्थापना सहयोग कार्यक्रम | १० | बढीमा ७५% वा रु. ३ लाख सम्म अनुदान। | कृषक समुह/कृषि सहकारीहरु/कृषि फार्म/कृषि उद्यमीहरु |

कृषि विकास निर्देशनालय
विराटनगर, नेपाल
दर्ता नं.: १०२४
दर्ता मिति: ०७६।९।२१

क्रमशः

**<u>संलग्न हुनु पर्ने कागजातहरु:</u>**

१. कृषक समुह/ कृषि सहकारी संस्थाको बैंठकको निर्णय प्रतिलिपी ।
२. कृषक समुह/ कृषि सहकारी संस्थाको दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
३. PAN No. (स्थायी लेखा) नं. दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. गत आ.व.को लेखा परीक्षण को प्रमाणित प्रतिलिपी ।
५ गत आवको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी ।
६. प्रत्येक सदस्यहरुको नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी ।
७. सम्बन्धि स्थानिय तह /वडा कार्यालयको सिफारिस ।
८. संबन्धित स्थानिय तह गापा नपा अन्तरगत रहेको कृषि शाखाको सिफारिस ।
९.आफूले संचालन गर्ने चाहेको व्यवसायको प्रस्तावना ।
१०. विदेशबाट फर्केर घरै बसेको भए पासपोर्टको प्रतिलिपी ।
११. प्राविधिक ज्ञान सीप तथा अनुभव भए प्रमाण पत्रको प्रतिलिपी ।
१२. जग्गाको लालपूर्जा जग्गा धनि प्रमाण पत्रको प्रतिलिपी ।
१३. अन्य निकायबाट अनुदान नलिएको स्वः घोषणा पत्र ।
१४. लागत सहभागिताको सुनिश्चितता पत्र ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, इलाम

प्रदेश नं.१, नेपाल

## प्रस्ताव आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०९/१३)

यस कार्यालयको चालु आ.व. ०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन कार्यविधी -२०७६ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नको लागि यस इलाम जिल्लाका तोकिएका स्थानीय तहका, तोकिएका कलस्टर क्षेत्रका इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/व्यवसायिक फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित कार्यविधी अनुसारको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र इलामको फोन नं. ०२७-५२००४६ तथा ०२७-५२००४७ मोबाइल नं. ९८५२६८१६६८ तथा स्थानीय तह अन्तर्गत गाउँपालिका/नगरपालिकाको कार्यालय कृषि विकास शाखा वा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाईट www.molmac.p1.gov.np बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधी-२०७६ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

सि.नं. २१ र २२ का कार्यक्रमको लागि मिति २०७६/०५/३० गतेका यस कार्यालयबाट प्रकाशित सूचना अनुसार पहिला दर्ता भएका निवेदकहरुले कार्यविधीको नयाँ प्रावधान अनुसार थप आवश्यक कागजातहरु पेश गर्न सक्नुहुनेछ ।

### कार्यक्रम विवरण

| क.सं. | कार्यक्रमको नाम विवरण | कार्यक्रम सञ्चालनका लागि छनौट भएका स्थानीय तह/कलस्टर क्षेत्र | इकाई | परिमाण | प्रति इकाइ अधिकतम उपलब्ध हुने अनुदान ७५ प्रतिशत सम्मको रकम (रु हजारमा) | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धित सरोकारवाला |
|---|---|---|---|---|---|---|
| १ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | सबै पालिकाका सबै क्षेत्रहरु | हेक्टर | ४०० | ४२५०.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| २ | कागती खेती मिसन कार्यक्रम | इलाम, सुर्योदय, फाकफोकथुम, माइजोगमाई, रोङ, माइसेबुङ, देउमाइ | संख्या | ७ | १७५०.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ३ | किवी खेती प्रवर्धन कार्यक्रम | फाकफोकथुम, देउमाइ, माइजोगमाई | संख्या | ३ | १५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ४ | व्यावसायिक फलफुल बगैंचा स्थापना सहयोग | इलामका स्थानीय तह | संख्या | १० | ३०००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ५ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम | इलाम, सुर्योदय, फाकफोकथुम, माइजोगमाई, रोङ, माइसेबुङ, देउमाइ, सन्दकपुर | संख्या | ४५ | ४५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ६ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | रोङ, इलाम, सुर्योदय, देउमाइ | संख्या | ५ | १५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ७ | कफी खेति विस्तार कार्यक्रम | इलाम, देउमाइ,माइसेबुङ, रोङ | हेक्टर | १० | २५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ८ | मागमा आधारित कृषि कार्यक्रम | सबै पालिकाहरु | संख्या | ५ | २५०.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| ९ | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफुल खेती प्रवर्धन कार्यक्रम (पहिलो वर्ष) अन्य | माइ,माइजोगमाइ, फाकफोकथुम | संख्या | ३ | १००५.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरु |
| १० | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफुल खेती प्रवर्धन कार्यक्रम (दोश्रो वर्ष) अन्य | गत आवमा सञ्चालित गापा/नपाहरु | संख्या | २ | ८००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरु |

दर्ता नं.: १०४४ ०७६।७।२०

दर्ता मिति:

| क्र.सं. | कार्यक्रमको नाम विवरण | कार्यक्रम सञ्चालनका लागि छनौट भएका स्थानीय तह/कलस्टर क्षेत्र | इकाई | परिमाण | प्रति इकाई अधिकतम उपलब्ध हुने अनुदान ७५ प्रतिशत सम्मको रकम (रु हजारमा) | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|---|---|
| ११ | अदुवा मिसन कार्यक्रम | देउमाइ, माइसेबुङ, माइजोगमाइ, इलाम, चुलाचुली | संख्या | ५ | ३५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १२ | बीउ बिजन आत्मनिर्भरता कार्यक्रम (पहिलो वर्ष) अन्य | माईनपा, इनपा | संख्या | २ | २००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १३ | बीउ बिजन आत्मनिर्भरता कार्यक्रम (दोश्रो वर्ष) अन्य | सुर्योदयनपा, चुलाचुली | संख्या | २ | १८००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १४ | चैते धान विशेष सहयोग कार्यक्रम | चैतेधान हुने पालिकाहरू | हेक्टर | ३०० | ४४५.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १५ | सघन बाली विकास आयोजना (धान, मकै गहुँ) पहिलो वर्ष | चुलाचुली, माइनपा | संख्या | २ | ४०००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १६ | सघन बाली विकास आयोजना (धान, मकै गहुँ) दोश्रो वर्ष | चुलाचुली, | संख्या | १ | १५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १७ | जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम | रोङ, इनपा, माइसेबुङ | संख्या | ३ | ९००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १८ | नमुना कृषि फार्म स्थापना सहयोग (अन्य) | सबै पालिकाहरू | संख्या | १० | ४९००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| १९ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | इनपा, रोङ, चुलाचुली | संख्या | ३ | ६००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| २० | कृषि बजार तथा संकलन केन्द्र निर्माण | इनपा, रोङ | संख्या | २ | २०००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| २१ | अलैंची सुकाउने सुधारिएको भट्टि निर्माण सहयोग कार्यक्रम | स्थानीय तह सबै | संख्या | ३० | ३०००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |
| २२ | बाली भण्डारणका लागि रष्टिक स्टोर भण्डार निर्माण | फाकफोकथुम गापा | संख्या | १ | ५००.० | व्यवसायिक कृषक समूह, समिति, कृषि सहकारी/ कम्पनी, कृषि फर्म र उद्यमीहरू |

नोट- प्रस्तावक संस्था वा निकायले एकमात्र बाली विषयमा प्रस्ताव पेश गर्नुपर्ने छ । प्रस्तावको साथमा सम्बन्धित निर्देशिका/कार्यविधीको अनुसूचीमा उल्लेख भए बमोजिमका [illegible] ... जानकारीको लागि अनुरोध छ ।